त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय, बल्खु

३ वर्षे र ४ वर्षे स्नातक तह तृतीय वर्षका परीक्षा दिने परीक्षार्थीहरूका लागि परीक्षा आवेदन फारम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुद्वारा बार्षिक परीक्षा प्रणाली अनुसार संचालन हुने २०७३ सालको ३ वर्षे र ४ वर्षे स्नातक तह तृतीय वर्षको परीक्षा दिने मानविकी, व्यवस्थापन, विज्ञान, शिक्षाशास्त्र र कानून संकायका पूरा तथा आंशिक क्याम्पस/कलेजका परीक्षार्थीहरुले आ–आफ्नो क्याम्पस/कलेजमा र प्राइभेट परीक्षार्थीहरुले सोझै यस कार्यालय वा आफुलाई पायक पर्ने सम्बन्धित क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयमा मिति २०७२ साल फाल्गुण ९ गतेसम्ममा परीक्षा आवेदन फारम भरी बुझाउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) परीक्षा दिन पाइने योग्यताः

क) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरी सबै प्रक्रिया पुऱ्याई आफैले सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।

ख) २०६७ सालमा प्रथम वर्ष प्रथम पटक परीक्षा दिएकाहरुका लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।

२) विषय छनौट सम्बन्धमाः

१) क्याम्पस/कलेजले पठनपाठनका लागि स्वीकृत लिएका विषयहरुको स्वीकृति पत्रको फोटोकपी परीक्षा आवेदन फारम साथै अनिवार्यरुपमा पेस गर्नुपर्नेछ ।

२) परीक्षा आवेदन फारममा त्रि.वि. अन्तर्गतका नियमहरु तथा पाठ्यक्रमले तोके बमोजिम (क्याम्पसले स्वीकृत पाएका विषयमा मात्र) का विषयहरुमा मात्र भर्नु/ भराउनुपर्नेछ र परीक्षा पनि सोही अनुसार दिनुपर्नेछ । यसमा अन्यथा हुन गई परीक्षा रद्द भएमा वा ट्रान्सक्रिप्ट [illegible] परीक्षार्थी वा क्याम्पस स्वयं जिम्मेवार हुनुपर्नेछ ।

३) रजिष्ट्रेशनको अनि[illegible]

क्याम्पसका तथा प्रा[illegible] विद्यार्थीले त्रि.वि. [illegible] फारममा [illegible] उल्लेख गर्नुपर्ने [illegible]

४) प्राइभेट परीक्षार्थीहरुले याद राख्नुपर्ने कुराहरुः

क) आफुलाई पायक पर्ने निम्न लिखित त्रि.वि.परीक्षा नियन्त्रण कार्यालयका क्षेत्रीय कार्यालयमा पनि सम्पर्क राखी प्राइभेट परीक्षार्थीहरुले परीक्षा आवेदन फारम बुझाउन सक्नेछन ।

१) पूर्वाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय– स्नाकोत्तर क्याम्पस भवन, विराटनगर ।

२) पश्चिमाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय –पृथ्वीनारायण ब. क्याम्पस भवन, पोखरा ।

३) मध्यपश्चिमाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय – भृकुटीनगर, नेपालगञ्ज ।

४) सुदूरपश्चिमाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय – अत्तरिया, कैलाली ।

५) परीक्षा आवेदन फारम भर्ने म्याद सम्बन्धमाः

१) त्रि.वि. प्राज्ञिक परिषद्को मिति २०७० चैत्र १३ गते बसेको बैठकले परीक्षा फारम भर्ने समयावधि ३० (तीस) र दोब्बर दस्तुर लिई थप ७ (सात) दिनभित्र परीक्षा आवेदन फारम बुझिलिने निर्णय गरेकोले सो कुरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचनामा प्रकाशित गरिएको छ । त्यस पछाडि परीक्षा आवेदन फारम बुझ्ने बुझाउने सम्बन्धमा कुनै कारबाही हुने छैन ।

२) क्याम्पसका हकमाः

क) पहिलो म्याद सकिएको दुईदिनभित्र नै परीक्षा दस्तुर रकम बुझाएको बैंक भौचर/ड्राफ्ट हुनुपर्नेछ ।

ख) काठमाण्डौ उपत्यकाका क्याम्पसहरुले ड्राफ्ट बनाएको २ दिनभित्र परीक्षा आवेदन फारम उक्त भौचर/ड्राफ्ट सहित अनिवार्यरुपमा त्रि.वि.प.नि.का. बल्खुमा बुझाई सक्नुपर्नेछ, उपत्यका बाहिरका क्याम्पसहरुले उक्त भौचर/ड्राफ्ट बनाएको ४ दिनभित्र सम्बन्धित क्षे.प.नि.का. मा र मध्यमाञ्चल उपत्यका बाहिरका क्याम्पसहरुले त्रि.वि.प.नि.का बल्खुमा बुझाई सक्नुपर्नेछ ।

ग) क्याम्पसहरुले दोब्बर दस्तुरको म्याद सकिएको भोलिपल्टनै परीक्षा शुल्कको बैंक भौचर/ड्राफ्ट बनाई उपत्यकाभित्रका क्याम्पसहरुले २ दिनभित्र र उपत्यका बाहिरका क्याम्पसहरुले ४ दिनभित्र उक्त दोब्बर दस्तुरको बैंक भौचर/ड्राफ्ट सहित अनिवार्यरुपमा सम्बन्धित परीक्षा नियन्त्रण कार्यालयमा परीक्षा आवेदन फारम बुझाईसक्नुपर्नेछ ।

६) नियमित तथा प्राइभेट आंशिक परीक्षा दिने विद्यार्थीहरुले परीक्षा आवेदन फारम भर्दा गत वर्षको सोहीखण्ड परीक्षा दिएको रोल नं. र प्रथम पटक तृतीय वर्षको परीक्षा दिनेले पहिलो पटक प्रथम वर्ष परीक्षा दिएको रो. नं. अनिवार्यरुपमा परीक्षा आवेदन फारमको अगाडि शिरमा उल्लेख गर्नुपर्नेछ ।

७) परीक्षार्थीको फोटो सम्बन्धमाः

क) परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको (साधारण पोसाकमा) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ख) प्रवेशपत्र प्रतिलिपि लिनु परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेस गर्नुपर्नेछ ।

८) परीक्षा शुल्कः

क) नियमित परीक्षार्थीका लागि प्रति खण्ड शुल्क	रु. ४७०/–
ख) प्राइभेट परीक्षार्थीका लागि प्रति खण्ड शुल्क	रु. ९००/–
ग) परीक्षा आवेदन फारम शुल्क	रु. ६०/–
घ) परीक्षा केन्द्र शुल्क प्रति खण्ड	रु. १००/–
ङ) प्रयोगात्मक परीक्षा प्रति खण्ड एक विषयका लागि शुल्क	रु. १५०/–
च) दुई वा सोभन्दा बढी विषयका लागि प्रयोगात्मक परीक्षा शुल्क	रु. २७५/–
छ) फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क	रु. २७५/–
ज) शिक्षण अभ्यास शुल्क	रु. २७५/–

९) परीक्षा शुल्क बुझाउने सम्बन्धमाः

क) काठमाण्डौ उपत्यकाभित्रका क्याम्पस र प्राइभेट परीक्षार्थीहरुले त्रि.वि. कीर्तिपुर/बल्खु परिसरभित्र रहेको ग्लोबल बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१०००००७६ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी सोको भौचर सहित परीक्षा फारम यस कार्यालयमा पेस गर्नुपर्नेछ ।

ख) काठमाण्डौ उपत्यका बाहिरका क्याम्पस र प्राइभेट परीक्षार्थीहरुले कीर्तिपुरस्थित ग्लोबल बैंक लि. कीर्तिपुर शाखा, राष्ट्रिय वाणिज्य बैंक मुख्य शाखा कार्यालय विशालबजारको च.हि.नं. १०९००६६४५७०१ मा अथवा काठमाण्डौ उपत्यकाभित्रका कुनैपनि बैंकबाट भुक्तानी पाउने गरी त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको नाममा डिमाण्ड ड्राफ्ट बनाई फारम साथै पेस गर्नुपर्नेछ ।

ग) पूर्वाञ्चल क्षेत्रका क्याम्पस तथा प्राइभेट परीक्षार्थीहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि. क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पूर्वाञ्चलको च.हि.नं. १३२३ नेपाल बैंक लि., बजारअड्डा शाखा, विराटनगरमा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्यरुपमा बुझाउनुपर्नेछ ।

१०) परीक्षा दिन पाउने अवधि सम्बन्धमाः

त्रिभुवन विश्वविद्यालय कार्याकारी परिषद्बाट पारित निर्णय नं. १२३ बमोजिम ३ वर्षे शैक्षिक कार्यक्रमका विद्यार्थीहरुले पहिलो पटक परीक्षामा सम्मिलित (परीक्षा फारम भरेको) भएको वर्षबाट ७ वर्षभित्र पाठ्यक्रमले तह पूरा गर्न तोकेको सम्पूर्ण आवश्यकताहरु पूरा गरी [illegible]नुपर्नेछ ।

११) प्राइभेट प[illegible] लिनु [illegible]खित प[illegible]एका छन् । परीक्षा आवेदन फारम ती केन्द्रहरुबाट पनि निःशुल्क [illegible] । [illegible] शुल्क [illegible] साथै यस कार्यालयमा बुझाउनुपर्नेछ ।

प्राइभेट परीक्षार्थीहरुका लागि परीक्षा केन्द्रहरुः

सि.नं.	परीक्षा केन्द्र	परीक्षा आवेदन फारम प्राप्त हुने स्थान	सि.नं.	परीक्षा केन्द्र	परीक्षा आवेदन फारम प्राप्त हुने स्थान
१.	इलाम	महेन्द्ररत्न ब. क्याम्पस, इलाम	२.	भद्रपुर	मेची ब. क्याम्पस, भद्रपुर
३.	धरान	महेन्द्र ब. क्याम्पस, धरान	४.	धनकुटा	धनकुटा ब. क्याम्पस, धनकुटा
५.	भोजपुर	भोजपुर ब. क्याम्पस, भोजपुर	६.	विराटनगर	म.मो.आ.ब. क्याम्पस, विराटनगर
७.	राजबिराज	महेन्द्र बिन्देश्वरी ब. क्याम्पस, राजबिराज	८.	जनकपुर	रामस्वरुप रामसागर ब. क्याम्पस, जनकपुर
९.	पोखरा	पृथ्वीनारायण क्याम्पस, पोखरा	१०.	भरतपुर	वीरेन्द्र ब. क्याम्पस, भरतपुर
११.	पाल्पा	त्रिभुवन ब. क्याम्पस, पाल्पा	१२.	बाग्लुङ्ग	धवलागिरी ब. क्याम्पस, बाग्लुङ्ग
१३.	नेपालगञ्ज	महेन्द्र ब. क्याम्पस, नेपालगञ्ज	१४.	भैरहवा	भैरहवा ब. क्याम्पस, भैरहवा
१५.	डोटी	डोटी ब. क्याम्पस, डोटी	१६.	दाङ	महेन्द्र ब. क्याम्पस, दाङ
१७.	महेन्द्रनगर	सिद्धनाथ विज्ञान क्याम्पस, महेन्द्रनगर	१८.	काठमाण्डौ	परीक्षा नियन्त्रण कार्यालय, बल्खु

१२) समयावधि थप सम्बन्धमाः

२०६५ पौष १४ गते बसेको त्रि.वि. सभाको बैठकबाट पारित भए बमोजिम कुनै परीक्षार्थी दृष्टिविहिन, सुस्त मनस्थिति भएका वा हात सम्बन्धी गम्भीर रोगको कारणले गर्दा हातले लेख्न नसक्ने प्रमाणित भई नियम २६७ बमोजिम सहयोगी लेखकद्वारा परीक्षा दिने भएमा आधिकारिक निकायबाट दिइएको अपाङ्गता परिचयपत्र वा चिकित्सकद्वारा प्रमाणितपत्रको आधारमा १०० पूर्णाङ्कको लागि १ घण्टा र सोभन्दा घटी पूर्णाङ्कको लागि आधा घण्टा समयावधि थप गरिनेछ ।

स्नातकोत्तर तह प्रथम वर्ष मानविकी र शिक्षाशास्त्र संकाय तर्फका २०७२ श्रावणमा भर्ना भएका विद्यार्थीहरूको परीक्षा आवेदन फारम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुद्वारा २०७३ सालमा लिइने शिक्षाशास्त्र र मानविकी संकायतर्फका २०७२ साल श्रावणमा भर्ना भएका स्नातकोत्तर तह प्रथम वर्ष प्रथम पटक परीक्षा दिने नियमित विद्यार्थीहरुले आ–आफ्नो क्याम्पस/कलेज र मानविकी तर्फ प्राइभेट परीक्षा दिने विद्यार्थीहरुले आफुलाई पायक पर्ने क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय वा परीक्षा नियन्त्रण कार्यालय बल्खुमा २०७२ फाल्गुन ९ गते सम्ममा बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राइभेट परीक्षार्थीका हकमा २०७१ साल वा सोभन्दा अगाडि मानविकी संकाय तर्फ स्नातक तह उत्तीर्ण गरेका विद्यार्थीहरुले त्रि.वि. ले तोकेका विषयमा मात्र प्रथम वर्ष प्रथम पटक प्राइभेट परीक्षा आवेदन फारम भर्न सक्नेछन् । साथै शुल्क र अन्य नियमका हकमा गत स्नातकोत्तर तह प्रथम वर्षको परीक्षा आवेदन फारम भर्ने सूचना सरह नै हुने कुरा जानकारी गराइन्छ ।

३ वर्षे एलएल.एम. प्रथम वर्षको परीक्षा आवेदन फारम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुद्वारा २०७२ सालको ३ वर्षे एलएल.एम. प्रथम वर्षका पुरा तथा आंशिक परीक्षा दिने विद्यार्थीहरुले आ–आफ्नो क्याम्पसमा मिति २०७२ फाल्गुन ९ गतेसम्ममा परीक्षा आवेदन फारम भरी बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै शुल्क र अन्य नियमका हकमा गत स्नातकोत्तर तह प्रथम वर्षको परीक्षा आवेदन फारम भर्ने सूचना सरह नै हुने कुरा जानकारी गराइन्छ ।

४ वर्षे बी.एस्सी र बी.एफ.ए चौथो वर्षको परीक्षा आवेदन फारम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुद्वारा २०७३ सालमा लिइने विज्ञान तर्फ बी. एस्सी र मानविकी तर्फ बी.एफ.ए को चतुर्थ वर्षको परीक्षा दिने विद्यार्थीहरुले आ–आफ्नो क्याम्पस मार्फत परीक्षा आवेदन फारम भरी मिति २०७२ साल फाल्गुन ९ गते सम्ममा बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै शुल्क र अन्य नियमका हकमा स्नातक तह तृतीय वर्षको सरह नै हुने कुरा जानकारी गराइन्छ ।

द्रष्टव्यः एयर डकुमेण्ट, हुलाक वा कुरियरद्वारा पठाइएका फारमहरु यस कार्यालयले कुनैपनि हालतमा बुझ्ने छैन ।

परीक्षा नियन्त्रक

www.pncampus.edu.np